नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(............................................................ शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०८२/०८/०५
नेपाल संवत ११४६

विषय :-

## बिज्ञप्ति

नागरिकको संवैधानिक तथा कानूनीरुपमा प्राप्त हुने स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चित गर्नु यस मन्त्रालय तथा कार्यरत राष्ट्रसेवक कर्मचारीको कर्तव्य हो। नागरिकलाई स्वास्थ्य सम्बन्धी अधिकारको प्रत्याभूतिकै लागि नेपाल स्वास्थ्य सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ। यस मन्त्रालय र मातहतका विभाग, केन्द्र, प्रतिष्ठान, अस्पताल, स्वास्थ्यसंस्था र कार्यालयहरुमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को परिच्छेद ८ ले निर्धारण गरेको आचरण सम्बन्धी व्यवस्थाहरु पूर्णरुपमा पालना गर्नुपर्दछ। स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५२ मा समय पालना र नियमितता, दफा ५३ मा अनुशासन र आज्ञापालन, दफा ५४ मा राजनैतिक वा अवांछनीय प्रभाव पार्न नहुने, दफा ५५ मा राजनीतिमा भाग लिन नहुने, दफा ५६ मा सरकारको आलोचना गर्न नहुने, दफा ५७ मा सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध लगायतका आचरण सम्बन्धी कानूनी व्यवस्थाहरु सम्पूर्ण स्वास्थ्यकर्मी तथा अन्य राष्ट्र सेवक कर्मचारीहरुले पूर्णरुपमा पालना गर्नु/गराउनु हुन सबैमा जानकारी गराइन्छ। प्रचलित कानूनको पालना नगरेको पाइएमा ऐनको दफा ७३ र ७४ अनुसार नसिहत दिने देखि बर्खास्त गर्न सकिने सम्मको व्यवस्था समेत रहेको व्यहोरा सबैमा जानकारी गराइन्छ।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता